मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# उधौली पर्वको शुभकामना

किराँत समुदायको महान् पर्व उधौलीका उपलक्ष्यमा स्वदेश तथा विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी र दाजुभाइहरूमा सुस्वास्थ्य, दीर्घजीवन र समुन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

किराँत समुदायअन्तर्गतका राई, लिम्बू, सुनुवार र याक्खाहरूले उधौली पर्वका अवसरमा जीवजन्तु तथा पशुपन्छीहरू लेकबाट बेँसीतिर झार्दछन् । यही पर्वका बेला नयाँ अन्नबाली आफ्ना पितृलाई अर्पण गरिन्छ । पितृ र प्रकृतिका पुजारी किराँत समुदायका नागरिकहरूले राम्रो उब्जनी र फसलका लागि धर्तीमातालाई धन्यवाद दिँदै पूजा गर्दछन् । अनि यसवेला भित्र्याइएको अन्नबाली वर्षभरि नै पर्याप्त होस् भन्ने कामनासहित विभिन्न अनुष्ठानहरू पनि गर्दछन् ।

यही पर्वका अवसरमा किराँत महिला र पुरुषहरू ढोल र झ्याम्टा बजाएर साकेला नृत्य गर्दछन् । नेपालको संस्कृति र परम्परामा साकेला नृत्य गौरवपूर्ण पहिचानका रूपमा स्थापित छ । यही अवसरमा अन्य समुदायका नागरिकले गोठको धूप गर्ने प्रचलन पनि छ ।

यस पर्वले आफन्त, इष्टमित्र र समाजका नागरिकहरूमा भेटघाट, मेलमिलाप र घनिष्ठताको अवसर प्रदान गर्दछ । यसबाट पारिवारिक, सामाजिक र सामुदायिक एकतामा बल पुग्दछ । बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक र बहुजातीय विशेषताले भरिपूर्ण नेपालमा यस्ता चाडपर्वले आपसी सद्भाव, सहिष्णुता, सहयोग र समन्वयलाई वृद्धि गरेर राष्ट्रिय एकताको भावधारालाई सुदृढ गर्ने कुरामा म विश्वस्त छु ।

प्रकृतिलाई कृतज्ञता अर्पण गर्दै मनाइने उधौली पर्वले प्रकृति, पर्यावरण र प्राकृतिक स्रोतसाधनको संरक्षण गर्न सबैलाई प्रेरणा दिनेछ भन्ने कामना गर्दै उधौली पर्व २०८० का उपलक्ष्यमा पुनः सबैमा हार्दिक शुभकामना प्रकट गर्दछु ।

मिति २०८० पौष १० गते मङ्गलवार ।

केदार कार्की
मुख्यमन्त्री